# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६६/४/१६ गते शुक्रवार देखि २०६६/४/२० गते मंगलवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८४ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४०४६ कारोबारबाट २६ करोड ३३ लाख ८३ हजार रुपैयाँ बराबरका ५ लाख १६ हजार ४ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ४४.२९ प्रतिशतले ह्रास भएको हो । गत साता ५७१६ शेयर कारोबारबाट ४७ करोड २८ लाख २ हजार रुपैयाँ बराबरका ७ लाख ११ हजार ६ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र १२ करोड ३१ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ४६.७५ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ४.७० अंकले ह्रास भई अन्तिम दिन ७००.०१ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ७४१.८७ | ४३४.३२ | ३६३.९५ | ६५५.५९ | ९५०.१५ | २७९.५५ | ६४८.१८ | ६७२.७९ | ७४६.५६ | ७०४.७१ | १८७.६५ | ६८.०७ |
| दोस्रो | ७३१.६४ | ४३४.३२ | ३६३.९५ | ६६१.४६ | ९५६.६६ | २८१.७८ | ६४७.८० | ६७२.७३ | ७४५.२६ | ७००.१६ | १८५.५३ | ६७.४६ |
| तेस्रो | ७२८.२६ | ४३४.३२ | ३६३.९५ | ६७०.८६ | ९४८.१९ | २८१.७८ | ६४६.२४ | ६७८.४१ | ७४१.१५ | ७००.०१ | १८४.९७ | ६७.२२ |
| परिवर्तन | -१३.६१ | ०.०० | ०.०० | १५.२७ | -१.९६ | २.२३ | -१.९४ | ५.६२ | -५.४१ | -४.७० | -२.६८ | -०.८५ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा २.८५ अंकले ह्रास भई १८४.९७ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (२ करोड १४ लाख रुपैयाँ) को आधारमा सिटिजनस् बैंक इन्टरनेशनल, शेयर संख्या (१ लाख ७३ हजार कित्ता) को आधारमा नेशनल हाइड्रो पावर कम्पनी र कारोबार संख्या (४६० वटा) को आधारमा बैंक अफ एशिया नेपाल अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | सिटिजनस् बैंक इन्टरनेशनल | २१.४२ |
| २ | नेपाल इन्भष्टमेन्ट बैंक | २०.६९ |
| ३ | बैंक अफ एशिया नेपाल | १७.०६ |
| ४ | नेशनल हाईड्रो पावर कम्पनी | १६.३० |
| ५ | नेपाल वंगलादेश वैंक | १४.५५ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ३ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

## सूचिकरण

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | एस डेभलपमेन्ट वैंक | हकप्रद | २९,२९,१८७ कित्ता |

## अन्यगतिविधी

नेपाल स्टक एक्सचेञ्जका महाप्रवन्धक शंकरमान सिंह **साउथ एसिया फेडेरेसन अफ एक्सचेन्जेज**को कार्य समिति बैठकमा भाग लिन भारतको मुम्बई प्रस्थान गर्नुभएको छ । उहाँले कार्यसमिति बैठकमा भाग लिनुको साथै मुम्बईस्थित पूँजी बजार सम्बन्धी संस्था सेक्युरिटी एण्ड एक्सचेञ्ज बोर्ड इन्डिया (सेबी), बम्बई स्टक एक्सचेञ्ज (बीएसइ), नेसनल स्टक एक्सचेन्ज (एनएसइ) र  मेटल एन्ड कमोडिटी एक्सचेन्ज (एमसीएक्स) को समेत भ्रमण गर्नुहुनेछ ।

दक्षिण एसियामा संचालीत स्टक एक्सचेञ्ज तथा पूँजी बजार सम्बन्धी संस्थाहरूको पहलमा स्थापित सेफमा हाल भारत, पाकिस्तान, युएइ, श्रीलंका, बंगलादेश, नेपाल, भुटान, मालदिभ्स र मोरीससका २३ संस्थाहरु सदस्य छन । सदस्य संस्थाहरूबीच प्रविधि तथा जनशक्ति विकासमा स्रोत एवं ज्ञानको आदान  प्रदान गर्ने एवं क्रस बोर्डर लिस्टीङ्ग र ट्रेडीङ्ग गर्ने सेफको मुख्य उद्देश्य रहेको छ । यसका लागि आवश्यक पुर्वाधार तयारी सेफले गरिरहेको छ । सेफले सदस्य स्टक एक्सचेञ्जमा सूचीकृत एक सय कम्पनी समेटीएको डाउ जोन्स सेफ १०० इन्डेक्स पनि सार्वजनिक गरेको छ ।